


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ वैशाख १३ गते मंगलबार ❑ 26 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गठबन्धनका आचार्य र एमालेका थापाले पोखराको मेयरमा दिए उमेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि पोखराको मेयर पदमा गठबन्धनका धनराज आचार्य र नेकपा एमालेका कृष्ण थापाले उमेदवारी दिएका छन् ।

आचार्य नेकपा एकीकृत समाजबादी कास्कीका अध्यक्ष हुन भने थापा गण्डकी प्रदेश सभा सदस्य एवं पोखराका मेयर समेत हुन् । नेकपा एमालेले दीपक पौडेललाई मेयरको रुपमा अघि सारे पनि एकाएक सामाजिक संजालमा एक सुन पसलबाट सुन चोरेको भनिएको भिडियो भाइरल भएसंगै एमालेले पौडेललाई दिएको टिकट खोसेर थापालाई दिएको एक नेताले गुनासो गरे ।

गठबन्धनमा पनि पोखरा महानगरका वडाहरु तथा कास्कीका ४ गाउँपालिका मिलाउने भनेर बसेको बैठक निष्कर्ष विना टुंगिए पछि नेपाली काग्रेंसले आइतबार बेलुकाबाटै कास्कीमा गठबन्धन हुन नसक्ने जनाएको छ ।



पोखरा महानगरपालिकामा सत्तारुढ गठबन्धनका आचार्य मेयरमा र उपमेयरमा नेपाली काग्रेंसकी कोपीला रानाभाटले उमेदवारी दर्ता गरेएकी छन् । यता नेपाली काग्रेंसका दुई जनाले मेयर पदमा बागी उमेदवारी दिएका छन् । कांग्रेस कास्कीका पूर्व कोषध्यक्ष ऋषि सापकोटा र पार्टीका सक्रिय सदस्य विमलबहादुर कार्कीले बागी उमेदवारी हालेका हुन् । गठबन्धनका नाममा कांग्रेसका कार्यकर्तालाई अरु दलको चिह्नमा मत हाल्न बाध्य पारेकाले आफूहरुले उम्मेदवारी दिएको कार्की र सापकोटाले प्रतिकृया दिएका छन् ।

एमाले कास्कीका अध्यक्ष समेत रहेका थापाले प्रदेश सभा सदस्यबाट राजिनामा दिएसंगै अब सदनमा प्रदेश सभा सदस्यको संख्या ५८ हुने भएको छ । यस अघि राष्ट्रिय जनमोर्चाका कृष्ण थापालाई सदनले बर्खास्त गरेको थियो । एमाले, काग्रेंस लगायतका पार्टीले बाजा गाजा सहित मनोनयन दर्ता गर्न निर्वाचन कार्यालय अघि पोखरा सहिचोकसम्म गएका थिए । सोमबार साँझसम्म पोखराको मेयर बन्नका लागि २४ जनाले उम्मेदवारी दर्ता गरेका छन् भने ९ जना उपमेयरका लागि उमेदवारी दर्ता गराएको पोखरा महानगरपालिकाका मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले बताए । राजनीतिक दल, सहितका स्वतन्त्र गरी २४ जनाले मेयरमा तथा ९ जनाले उपमेयरमा नाम दर्ता गराएको निर्वाचन कार्यालयले जनाएको छ । आइतबार पहिलो दिन पोखराको मेयरको लागि ११ जनाको उमेदवारी परेको थियो ।

## बयासी हजार २१० उम्मेदवारद्वारा मनोनयन दर्ता

**रासस**
**काठमाडौं, १२ बैशाख**

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि ८२ हजार २१० उम्मेदवारले मनोनयन दर्ता गराउनुभएको छ । आयोगमा सोमबार राति ८ः३० बजे प्राप्त विवरणअनुसार निर्वाचन अधिकृतको कार्यालयबाट प्रमाणीकरण भई निर्वाचन आयोगमा प्राप्त विवरणअनुसार उम्मेदवारको सो दर्ता सूची देखिएको हो ।

निर्वाचन कार्यतालिका अनुसार आइतबार र सोमबार गरी दुई दिन मनोनयन दर्ताको समय निर्धारण गरिएको थियो । पहिलो दिन वैशाख ११ गते तुलनात्मक रुपमाकम संख्यामा मनोनयन दर्ता भए पनि दोस्रो दिन १२ गते ठूला दलका उम्मेदवारसहित सबै उम्मेदवारले मनोनयन दर्ता गराउनुभएको छ ।

प्रदेशस्तरमा मनोनयन दर्ताको अवस्था हेर्दा सबैभन्दा बढी मधेस प्रदेशमा मनोनयनदर्ता भएको देखिएको छ । सो प्रदेशको प्रमुखमा ८३५, अध्यक्षमा ६०८, उपप्रमुखमा ४२४, उपाध्यक्षमा ३१६, वडा अध्यक्षमा ४७६१, महिला सदस्यमा ३०४६, दलित महिला सदस्यमा २९२१, खुला सदस्यमा ६१९० गरी जम्मा १९ हजार १०१ जनाको मनोनयन दर्ता भएको छ ।

त्यस्तै, लुम्बिनी प्रदेशमा १४ हजार ७६२ जनाको मनोनयन दर्ता भएको छ । सो प्रदेशको प्रमुखमा २९९, अध्यक्षमा ४३६, उपप्रमुख २१८, उपाध्यक्ष ३१९, वडाध्यक्ष ३४२३, महिला सदस्य २५०६, दलित महिला सदस्य २३२२ र खुला सदस्य ५२३९ मनोनयन दर्ता भएको छ ।

लुम्बिनी प्रदेशमा १४ हजार ७६२ जनाको मनोनयन दर्ता भएको छ । सो प्रदेशको प्रमुखमा २९९, अध्यक्षमा ४३६, उपप्रमुख २१८, उपाध्यक्ष ३१९, वडाध्यक्ष ३४२३, महिला सदस्य २५०६, दलित महिला सदस्य २३२२, खुला सदस्य ५२३९ मनोनयन दर्ता भएको छ । सोहीअनुसार प्रदेश १ मा १४ हजार ९३४ जनाले मनोनयन दर्ता गराउनुभएको छ । सो प्रदेशको प्रमुखमा ३३३, अध्यक्ष ४३१, उपप्रमुख २२७, उपाध्यक्ष ३४६, वडा अध्यक्ष ३५४४, महिला सदस्य २५३५, दलित महिला सदस्य २२१८ र खुला सदस्यमा ५३०० मनोनयन दर्ता भएको छ । त्यस्तै, बागमती प्रदेशमा जम्मा १३ हजार २९४ जनाले मनोनयन दर्ता गर्नुभएको छ । सो प्रदेशको प्रमुख ४१६, अध्यक्ष ४३२, उपप्रमुख २४४, उपाध्यक्ष २७३, वडाध्यक्ष ३४१२, महिला सदस्य २१४३, दलित महिला सदस्य १७७७ र खुला सदस्य ४५९७ मनोनयन दर्ता भएको छ । सोहीअनुसार गण्डकी प्रदेशमा ६ हजार ५९३ मनोनयन दर्ता भएको छ । सो प्रदेशको प्रमुखमा १५७, अध्यक्षमा १९७, उपप्रमुखमा ९२, उपाध्यक्ष १५६, वडाध्यक्ष १५८८, महिला सदस्य १०७९, दलित महिला सदस्य ९६८, खुला सदस्य २३५६ मनोनयन दर्ता भएको छ ।

कर्णाली प्रदेशमा जम्मा ६ हजार ६१८ उम्मेदवारी परेको छ । सो प्रदेशको प्रमुखमा १३५, अध्यक्ष २१७, उपप्रमुख ११५, उपाध्यक्ष १८७, वडाध्यक्ष १७३६, महिला सदस्य १०८२, दलित महिला सदस्य ९२० र खुला सदस्य २२२६ मनोनयन दर्ता परेको छ ।

सोहीअनुसार सुदूरपश्चिम प्रदेशमा जम्मा ६ हजार ९०८ मनोनयन दर्ता भएको छ । सो प्रदेशमा प्रमुखमा १६८, अध्यक्ष १७६, उपप्रमुख १२५, उपाध्यक्ष १२९, वडाध्यक्ष १७१२, महिला सदस्य ११६३, दलित महिला सदस्य १०५५ र खुला सदस्य २३८० मनोनयन दर्ता भएको छ ।

यसरी सातवटै प्रदेशको जम्मा प्रमुखमा २ हजार ३४३, अध्यक्ष २ हजार ४९७, उपप्रमुख १ हजार ४४५, उपाध्यक्ष १ हजार ७२६, वडाध्यक्ष २ हजार १७६, महिला सदस्य १३ हजार ५५४, दलित महिला सदस्य १२ हजार १८१ र खुला सदस्य २८ हजार २८८ जनाको मनोनयन दर्ता भएको छ ।

## गोरखा भूकम्पको सात वर्ष, सिन्धुपाल्चोकमा ८३ हजार ९७१ घर पुनःनिर्माण

**रासस**
**काठमाडौं, १२ बैशाख**

गोरखा भूकम्पको सोमबार सात वर्ष पूरा भएको छ । विसं २०७२ वैशाख १२ गतेका दिन मध्याह्न ११ः५६ मा गोरखाको बारपाक केन्द्रबिन्दु भएर ७ दशमलव ८ म्याग्निच्युडको भूकम्प गएको थियो ।

यस भूकम्पबाट सिन्धुपाल्चोकमा सबैभन्दा बढी क्षति पुगेको थियो । त्यस्तै काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप, नुवाकोट, धादिङ, रसुवा, गोरखा, मकवानपुर, सिन्धुली र ओखलढुङ्गा जिल्लामा भूकम्पले क्षति पुऱ्याएको थियो ।

बढी प्रभाव परेका १४ जिल्लालाई सरकारले अतिप्रभावित जिल्लाका रुपमा घोषणा गरेको थियो । भूकम्पले करिब नौ हजार मानिसको निधन भएको थियो । भूकम्पले सिन्धुपाल्चोकमा मात्रै तीन हजार ५७० जनाको मृत्यु भएको थियो भने ९५ हजारभन्दा बढी भौतिक संरचना ध्वस्त भएका थिए ।

यहाँका ५४७ विद्यालय ध्वस्त भएकामा ९८ प्रतिशत विद्यालय निर्माण सम्पन्न भएका छन् । यहाँका ७५ वटा स्वास्थ्यचौकीमा पूर्णरुपमा क्षति पुगेको जिल्ला आयोजना कार्यान्वयन इकाइले जनाएको छ । भूकम्पबाट सिन्धुपाल्चोकमा ९१ हजार ९४ परिवार लाभग्राहीको सूचीमा परेका थिए । हालसम्म तेस्रो किस्ता लिएर ८३ हजार ९७१ घर निर्माण भइसकेको र बाँकी निर्माणाधीन रहेका जिल्ला आयोजना कार्यान्वयन एकाइले जनाएको छ । यसअन्तर्गत २२ वटा एकीकृत बस्ती निर्माण सम्पन्न भएका छन् ।


## काठमाडौं महानगरपालिकाको प्रमुखमा स्थापितद्वारा उम्मेदवारी दर्ता

**रासस**
**काठमाडौं, १२ बैशाख**

स्थानीय तह २०७९ का लागि काठमाडौं महानगरपालिकाको प्रमुखमा नेकपा (एमाले)का तर्फबाट केशव स्थापितले उम्मेदवारी दर्ता गराउनुभएको छ । रत्नपार्कस्थित शान्ति बाटिकाबाट बाजागाजासहित मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको राष्ट्रियसभा गृहमा पुगी उहाँले उम्मेदवारी दर्ता गर्नुभएको हो । त्यस्तै एमालेका तर्फबाट महानगरको उपप्रमुखमा सुनिता डङ्गोलले पनि उम्मेदवारी दर्ता गराउनुभयो । उम्मेदवारी दर्तापछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै प्रमुखका उम्मेदवार स्थापितले एकीकृत अवधारणा ल्याउने र महानगरभित्रको शैक्षिक सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस्तै उपप्रमुखका उम्मेदवार डङ्गोलले काठमाडौँलाई सांस्कृतिक

**बाँकी अन्तिम पृष्ठमा ▶▶**




## तनहुँका दशै पालिकामा उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
**दमौली, १२ बैशाख**

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि सोमबार तनहुँका दशै पालिकामा उम्मेदवारी दर्ता भएको छ । उम्मेदवारी मनोनयनको दोस्रो दिन जिल्लाका चार नगरपालिका र छ गाउँपालिकामा उम्मेदवारी दर्ता भएको हो ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपालगायत दलहरूले आज सबै पालिकामा उम्मेदवारी दर्ता गराएका छन् । नेपाली कांग्रेसबाट व्यास नगरपालिकाको प्रमुखमा वैकुण्ठ न्यौपाने र उपप्रमुखमा इन्दिरा दरैको उम्मेदवारी परेको छ । भानु नगरपालिकाको प्रमुखमा आनन्दराज त्रिपाठी, उपप्रमुखमा उमा गोतामे, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा ध्रुवलाल प्रधान, उपाध्यक्षमा सविता गुरुङ, आँबुखैरेनी गाउँपालिकाको अध्यक्षमा गिरबहादुर थापा, उपाध्यक्षमा पवित्रा गौली, देवघाटको अध्यक्षमा तिलबहादुर थापाको उम्मेदवारी परेको छ । म्याग्दे गाउँपालिकाको अध्यक्षमा माया राना, उपाध्यक्षमा पवित्रा घिमिरे, ऋषिङ गाउँपालिकाको अध्यक्षमा राजेन्द्रकृष्ण श्रेष्ठ, उपाध्यक्षमा गिनुमाया थापा, भिमाद नगरपालिकाको उपप्रमुखमा मिलन आले, घिरिङ गाउँपालिकाको अध्यक्षमा गङ्गा कुमाल र शुक्लागण्डकी नगरपालिकाको उपप्रमुखमा कृष्णराज पण्डितको उम्मेदवारी परेको छ । कांग्रेसले भिमादको प्रमुख र घिरिङ गाउँपालिकाको उपाध्यक्ष नेकपा (एकीकृत समाजवादी)लाई छाडेको छ भने शुक्लागण्डकी नगरपालिकाको उपप्रमुख माओवादी केन्द्रलाई छाडेको छ । नेकपा (एमाले) र गोविन्दराज जोशी समूहबाट व्यास नगरपालिकाको प्रमुखमा दीपकराज जोशी र उपप्रमुखमा बसुन्धरा घर्तीको उम्मेदवारी दर्ता भएको छ । देवघाट गाउँपालिकाको अध्यक्षमा दुर्गबहादुर थापा, उपाध्यक्षमा सावित्री न्यौपाने, आँबुखैरेनी गाउँपालिकाको अध्यक्षमा ऋषि केसी, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा सुरेन्द्र थापा र उपाध्यक्षमा फूलमति थापाको उम्मेदवारी परेको छ । भानु नगरपालिकाको प्रमुखमा सीताराम बजगाइँ, म्याग्दे गाउँपालिकाको अध्यक्षमा श्रीप्रसाद श्रेष्ठ, उपाध्यक्षमा रत्ना घिमिरे, शुक्लागण्डकी नगरपालिकाको प्रमुखमा मुक्ति तिमिल्सिना, उपप्रमुखमा फूलमाया वाग्ले, भिमाद नगरपालिकाको प्रमुखमा दधिराज सुवेदी, उपप्रमुखमा शारदा खनाल, ऋषिङ गाउँपालिकाको अध्यक्षमा हरिराज कँडेल, घिरिङ गाउँपालिकाको अध्यक्षमा होमबहादुर थापा र उपाध्यक्षमा राधा अधिकारीको उम्मेदवारी दर्ता भएको छ ।

नेकपा (माओवादी केन्द्र)बाट व्यास नगरपालिकाको प्रमुखमा अतिन्द्रकेशरी न्यौपाने, उपप्रमुखमा देवा सुर्खाली, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा पूर्णसिं थापा, उपाध्यक्षमा करुणा गुरुङ, म्याग्दे गाउँपालिकाको अध्यक्षमा दिलीपकुमार श्रेष्ठ, उपाध्यक्षमा दुर्गा थापाको उम्मेदवारी दर्ता भएको छ । नेपाली कांग्रेसको गठबन्धनबाट शुक्लागण्डकी नगरपालिकाको उपप्रमुखमा माओवादीबाट खुमबहादुर विकको उम्मेदवारी दर्ता भएको छ । नेपाली कांग्रेसकै गठबन्धनबाट भिमाद नगरपालिकाको प्रमुखमा नेकपा (एकीकृत समाजवादी)का काजीमान श्रेष्ठको उम्मेदवारी दर्ता भएको छ भने घिरिङ गाउँपालिकाको उपाध्यक्षमा पूर्णबहादुर थापाको उम्मेदवारी दर्ता भएको छ ।

# रेडियो अन्नपूर्णको २१ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले आफ्नो २१ औं बार्षिकोत्सव मनाएको छ। वि.सं. २०५८ साल बैशाख १२ गते स्थापना भएको रेडियोले सोमबार २१ औं बार्षिकोत्सव मनाएको हो।

कार्यक्रममा बोल्दै रेडियोका संस्थापक अध्यक्ष विश्वशंकर पालिखेले स्थापनाकाल देखि नै रेडियोले सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्य गर्दै आइरहेको र आगामी दिनहरुमा पनि निरन्तरता दिने बताए । उनले रेडियोलाई समयअनुकुल परिस्कृत गर्दै लैजाने प्रतिवद्धता समेत व्यक्त गरे । प्रवन्ध निर्देशक सुनयना पालिखेले स्रोता शुभेच्छुकहरुको साथ र सहयोग कारण रेडियोले भिन्न पहिचान बनाउन सफल भएको बताउँदै स्रोता, शुभेच्छुक तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गरिन् ।



निर्देशकद्धय विजेश पालिखे र बरदान ताङवे लामाले चुनौती संगसंगै अगाडी बढनुपर्नेमा जोड दिए। कार्यक्रममा स्टेसन म्यानेजर सञ्जयकुमार मल्ल, बरिष्ठ प्रस्तोता आरजु विष्ट सल्यानी र बासुदेव मिश्रले समय संगसगै रेडियोलाई परिमार्जन गर्दै लैजानुपर्ने बताए।

रेडियोले उत्कृष्ट कार्य गर्ने विभिन्न कर्मचारीहरुलाई सम्मान समेत गरेको छ । वेस्ट स्टाफ अफ दि इएरबाट मार्केटिङ म्यानेजर नारायण पौडेल सम्मानित भए । उनलाई ११ हजार १ सय ११ रुपैयाँ नगदसहित सम्मानपत्रले सम्मान गरियो । रेडियोका वरिष्ठ प्रस्तोता आरजु विष्ट सल्यानी, सरिता तिमिल्सिना पंगेनी, कृष्ण देवकोटा र सरु लामिछानेलाई सम्मान पत्रले सम्मान गरिएको छ । शान्ति र विकासका लागि संचार नारासहित स्थापना भएको रेडियो अन्नपूर्ण अन्तर्गत पब्लिक एफएम ९९.६ मेगाहर्ज र अनलाईन अन्नपूर्ण न्यूज पोर्टल भगिनी संस्थाका रुपमा रहेका छन् ।

# पुम्दीकोटमा जारी महायज्ञमा ३ करोड ३७ लाख संकलन

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

पर्यटकीय स्थल पोखरा २२ को पुम्दीकोटमा जारी महायज्ञमा ३ करोड ३७ लाख रुपैया संकलन भएको छ।

पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत सोमबारसम्म उक्त रकम संकलन भएको महायज्ञका आर्थिक उपसमिति सह-संयोजक निर्मल बरालले बताए । महायज्ञको नवौं दिन (सोमबार) मात्र करिब १ करोड २३ लाख रुपैया संकलन भएको बरालले बताए । महायज्ञमा काठमाण्डौं निवासी रविन पुरीबाट २५ लाख १ हजार १ रुपैया प्राप्त भएको छ। रानिवन राष्ट्रिय प्रा.लि.का विजय बाबु ओझाबाट ५ लाख ५ सय ५, पोखराका उद्योगपती हरि पाण्डेबाट ५ लाख, रेडि मिक्स प्रा.लि.का बल बहादुर रानाबाट ५ लाख ५, विश्व शान्ति बिज्ञान समाज परिवारका आचार्य राजन शर्मा ५ लाख १ हजार १ सय १, पोखरा १७ निवासी हिर तुलाचनबाट ३ लाख १, पोखरा ८ की टिकादेवि सुवेदीबाट २ लाख २५ हजार रुपैया महायज्ञमा सहयोग प्राप्त भएको छ । त्यस्तै पोखरा २ निवासी सुर्य इश्वरी श्रेष्ठबाट २ लाख २५ हजार, भारतको रक्स्यौलका अरुण मिश्रबाट २ लाख २५ हजार, सिन्धुलीका मानबहादुर मोक्तान २ लाख २५ हजार, स्थानिय सिता देवि आचार्य बरालबाट २ लाख २५ हजार ४५ महायज्ञमा सहयोग प्राप्त भएको छ। पोखरा ९ पृथ्बीचोक निवासी गुन्जबहादुर बि.क.बाट २ लाख २५ हजार १, वुटवलका राजु पाण्डेबाट २ लाख २५ हजार ५ सय २५, पोखरा १७ ड्यामसाइडका दीलीप शेरचनले २ लाख, पोखराको एस.के. साउण्डका संचालक शेर बहादुर गुरुङबाट २ लाख २५ हजार, पोखरा १० का पृथ्बीराज तिमिल्सिनाबाट २ लाख २५ हजार, पोखरा ७ मासवारका बिष्णु हरी बरालबाट २ लाख २५ हजार, स्थानिय लिलाधर बराल/रमादेवि बरालबाट २ लाख ९ हजार ४ सय ४५ रुपैया महायज्ञमा प्राप्त भएको समितिले जनाएको छ । त्यस्तै वुटवलका सुर्य बहादुर भट्टराईले २ लाख २५ हजार, पोखरा १७ डेभिड फल्स निवासी तिल विर सेन्चुरीबाट २ लाख २५ हजार, काठमाण्डौंका जानुका सुवेदीबाट २ लाख २५ हजार, काठमाण्डौंकै अम्बिका पौडेलबाट २ लाख २५ हजार, मादी ५ तितेपानीका बिष्णुप्रसाद सुवेदीबाट २ लाख २५ हजार ५ सय ५५ रुपैया महायज्ञमा सहयोग प्राप्त भएको छ।

पोखरा ८ का राम प्रसाद बतासबाट १ लाख, पोखरा २२ कालिमाटीका कर्ण गुरुङबाट १ लाख १५ हजार, पोखरा १७ का डिल्लिराम शर्मा पौडेलबाट १ लाख १, पोखरा १७ विरौटाका भरत गिरीबाट १ लाख १ हजार ११, काठमाण्डौं वसुन्धराका किसमत तिमिल्सिनाबाट १ लाख ८ हजार १ सय ८, पोखरा ९ बास्तोलाथरको शुभ मुन लाइट ग्याँस हाउसबाट १ लाख १ हजार १ सय ११, पोखरा १७ ड्यामसाइडका दीलिप शेरचनबाट १ लाख महायज्ञमा सहयोग गरेका हुन्। त्यस्तै पोखरा २२ भ्यू प्वाइन्टका युवराज बरालबाट १ लाख १ हजार १ सय ११, पोखरा १७ विरौटाका गोकर्ण सुवेदीबाट १ लाख ३२ हजार २५, पोखरा २२ कोदीका बाबुराम बरालबाट १ लाख १३ जहार ८ सय ८९, नारायणगढका शिरद श्रेष्ठबाट १ लाख महायज्ञका आर्थिक सहयोग प्राप्त भएको आर्थिक उपसमिति सदस्य भवनराज बरालले बताए।

दाताहरुलाई महायज्ञ स्थलमा पन्चे बाजागाँजा सहित भजन चुड्काको साथमा अभिनन्दन सहित सम्मान गरिएको आर्थिक उपसमिति संयोजक डिल्लीराम बरालले बताए। महायज्ञमा मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका छन्। भोलि (मंगलबार) दाता सम्मान सहित उक्त महायज्ञको औपचारिक रुपमा समापन हुने भएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए।

# नेपाली काँग्रेसवाट वडा नं २८ मा लामिछाने

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

नेपाली कांग्रेसको तर्फबाट पोखरा महानगरपालिका वडा नं २८ को अध्यक्षका लागि श्रीकृष्ण लामिछानेले उम्मेदवारी दर्ता गरेका छन् । कांग्रेस गण्डकी प्रदेशका



सदस्य लामिछानेले सोमवार दर्ता गरेका हुन्। त्यस्तै खुल्ला सदस्यमा सूर्य भण्डारी, कमल थापा, महिला सदस्य डाल्ला भुजेल र दलित महिला सदस्यमा इन्द्रा कामी रहेको कांग्रेस पोखरा-२८ का सचिव जिवन तिवारीले जानकारी दिए।

# नेकपा एमालेको तर्फवाट वडा नं १६ को अध्यक्षमा राजेश

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

नेकपा एमालेको तर्फवाट पोखरा महानगरपालिका वडा नं १६ को अध्यक्षका लागि राजेश गुरुङ(राजु)ले उम्मेदवारी दर्ता गरेका छन्।

२०७४ सालको स्थानीय



चुनावमा वडा सदस्यमा निर्वाचित राजेश पाँच वर्ष कार्यकालमा लोकप्रिय बन्दै गएका छन्। त्यसैगरी महिला सदस्यमा राजकुमारी बानियाँ, खुल्ला सदस्यमा रामचन्द्र आचार्य, रामकाजी गुरुङ, दलित महिला सदस्यमा मञ्जु नेपालीले पनि दर्ता गरेका छन्।

# काठमाडौं महानगर प्रमुखमा सिर्जना सिंहको उम्मेदवारी

रासस
काठमाडौं १२ बैशाख

स्थानीय तह निर्वाचन, २०७९ का लागि सत्ता साझेदार दलका तर्फबाट नेपाली कांग्रेसकी सिर्जना सिंहले काठमाडौं महानगरपालिकाको प्रमुखमा उम्मेदवारी दर्ता गराउनुभएको छ।

सोमबार मुख्य निर्वाचन अधिकृतको कार्यालय राष्ट्रियसभागृहमा पुगेर उहाँले प्रमुख पदमा उम्मेदवारी दर्ता गराउनुभएको हो। उहाँको उम्मेदवारीको प्रस्तावकमा वर्तमान उपप्रमुख हरिप्रभा खड्गी र समर्थकमा नीलकाजी शाक्य रहनुभएको छ । काठमाडौं महानगरपालिकाको उपप्रमुखमा गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी) पार्टीका रामेश्वर श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभयो।

## काठमाडौं...

सहरका रुपमा विकास गर्ने बताउनुभयो।

एमालेका तर्फबाट प्रमुख उपप्रमुखका उम्मेदवारले मनोनयन दर्ता गरेसँगै गठबन्धनका तर्फबाट प्रमुख र उपप्रमुखलगायतका उम्मेदवारले मनोनयन दर्ताको तयारी गरिरहेका छन्।


**गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं ।**

**गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन ।**

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**वनजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना**

वन्यजन्तु पक्रने, शिकार गर्ने, आखेटोपहार राख्ने र ओसार पसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम पाँच लाखदेखि दश लाख रुपैंयासम्म जरीवाना वा पाचँ बर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाँय हुनेछ। तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
सम्पर्क नः ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
इमेलः moitfe4@gmail.com

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
- **महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- **सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।
- **मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

यही शैक्षिक सत्रबाट अत्याधुनिक प्रविधि नेपालमै पहिलो पटक Smart Board र आधुनिक Smart Bus को प्रयोग गरी पढाइने यस Happy Borading School मा Nursery देखि कक्षा नौसम्म सिमित सिटमा भर्ना खुयो ।

**हाम्रा बिशेषताहरु:**

- विद्यार्थीहरुलाई पनि Air Condition को व्यवस्था भएको ।
- अत्याधुनिक सुविधायुक्त फर्निचर तथा कक्षा कोठाको व्यवस्था ।
- आफ्नो घर जग्गामा अवस्थित भई प्रयाप्त खेल मैदान भएको ।
- सुरक्षा तथा अनुशासनको लागि स्कुल परिसरमा २४ सै घण्टा CC Camera को व्यवस्था गरिएको ।
- सूचना प्रवाहको लागि प्रत्येक कक्षामा Loud Speaker को व्यवस्था ।
- Multimedia द्वारा अध्यापन गराइने ।






**Happy Boarding School**
**शिव मार्ग, मासबार पोखरा- ७ Contact : 061-462156, 466214**

For more details: **www.happyboarding.edu.np**
NB: The admission form can be obtained from school office or can be sent through website.

**VACANCY ANNOUNCEMENT**

**Happy Boarding School Shiva Marga, Masbar Pokhara -7 Tel. 061-462156, 466214**
**Happy Boarding School** invites applications from the dynamic,energetic and dedicated candidates to join our vibrant team of true academic professionals for the following positions :

| Position | Subject | No. | Qualifications |
|---|---|---|---|
| Secondary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at secondary level, masters preferred. |
| Primary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | English / Social | 1 | Bachelor in English with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | Mathematics | 1 | Bachelor in Mathematics with at least 2 year of teaching experience at primary level. |
| Basic Level Teacher | Computer | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Secondary Level Teacher | H. P. E | 1 | Bachelor in English with at least 2 year of teaching experience at secondary level. |
| Dance | Dance/ Art/Games | 1 | Prefacing in related field. |
| Bus Helper | | 1 | Interested |

- Interested candidates are requested to submit their resume,the applicationalong with experience certificate to the school reception by 19th Baisakh, 2079.
- Admission open from Nursery to Grade 9.
- A School with planty of facilities, such as smart buses well furnished class rooms using Smart Boards which are quite unique attempts first time in Nepal .

**Hurry up ! Seats are limited. Confirm the seats before heard.**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# बिर्सन नसकिने भूकम्प

नेपालमा विनाशकारी भूकम्प गएको सात वर्ष पुरा भएको छ । २०७२ साल वैशाख १२ गते गोर्खाको बारपाक केन्द्रविन्दु बनाएर ७.६ रेक्टर स्केलको भूकम्प गएको थियो । विहान ११.५६ मिनेट जादौं गएको भूकम्प र त्यस पछिको पराकम्पनबाट नौ हजारले ज्यान गुमाए । २२ हजार जना घाइते भएका थिए । ५ लाख घर पूर्ण ध्वस्त भएका थिए भने करिब ९ लाख भवन क्षति भएका थिए । भूकम्पबाट ९ सय सम्पदा पूर्ण र आंशिक क्षति भएका थिए । ९ हजार सरकारी भवनहरु क्षतिग्रस्त भएका थिए ।

भूकम्प पछि पुनर्निर्माणका लागि नेपालमा अन्तर ष्ट्रिय दाता सम्मेलन भयो । दाता सम्मेलनमा चार खर्बको प्रतिवद्धता आएको थियो । भूकम्प गएको ८ महिना पछि मात्र संसदबाट पुनर्निर्माण प्राधिकरण ऐन बन्यो । दलहरुका कारण प्राधिकारणको सिइओ नियुक्तीमै ढिला भयो । प्राधिकरणमा सरकार फेरिए सँगै सिइओ फेरिए । राजनीतिक दाउपेचमा प्राधिकरण पर्दा अपेक्षित काम हुन सकेन । धेरै संमय पछि मात्र पुनर्निर्माणको कामले गति लियो । हालसम्म ८३ प्रतिशत काम सम्पन्न भएको प्राधिकरणको दावी छ । निजि आवास निर्माणको काम ५० प्रतिशत पूरा भैसकेको छ । सात लाख बैसठीहार तीन सयले अनुदान सम्झौता गरेका छन् । ति मध्ये ३ लाख बयासी पुनर्निर्माण भैसकेको प्राधिकारणको आकडा छ । ७ हतार ५ साय विद्यालय मध्ये ५६ प्रतिशत भवन पुर्ननिर्माण भैसकेका छन् । ५४५ स्वास्थ्य संस्था मध्ये ३१२ भवन निर्माण भएका छन् । अरुको उद्धार गर्ने सुरक्षा निकाय भने आफै टेन्टमा बस्दै आएका छन् । सुरक्षा नकायका ३८ प्रशित मात्र निर्माण सम्पन्न भएको छ ।

नेपाल प्रहरीका १३९ मध्ये ५९, ससस्त्रको ३९ मध्ये २९ र नेपाली सेनाका २०४ मध्ये ५७ मात्र भवन बनोको छ । सबैभन्दा कामजोर अवस्था सम्पदा पुर्ननिर्माणमा देखिएको छ । ७५३ सम्पदा क्षति भएकोमा ३० प्रतिश मात्र पुननिर्माण भएका छन् । सम्पदा क्षेत्रको निर्माण कार्य कछुवाको गतिमा चलेको छ । पुर्नीमाणको लागि ४२९ अर्ब अपुग हुने देखिए थियो । आलु आ.व.मा १२३ अर्ब खर्च भएको छ । सहकारी र निजि क्षेत्रबाट २ खर्ब खर्च हुने अनुमान गरिएको छ । गत वर्षमात्र १८६ अर्ब रुपैया खर्च भएको थियो । दाताले प्रतिवद्धता जनाएको ३४३ अर्ब मध्ये २६२ सम्झौता भएको छ ।

वि.स. १९९० माघ २ गते गएको भूकम्पमा परी ८ हजार ५ सय १९ जनाको मृत्यु भएको अनुमान गरिएको छ । नेपाल भूकम्पीय जोखिममा रहेको हुदाँ भूकम्प प्रतिरोधी संरचना निमार्ण गर्न सकिए मात्र क्षति न्यूनिकरण गर्न सकिन्छ । भूकम्प पीडितले चार वर्षको अवधिमा चर्को गर्मी, वर्षा र जाडोमा मुटु काम्ने जाडो सहनु पऱ्यो । सरकारले समयमै भूकम्प पीडितको पिडालाई आत्मसाथ गर्न नसक्दा भूकम्पले पुऱ्याएको क्षति पछि जुन रफ्तारमा काम गर्नु पर्ने हो त्यो अनुसार हुन सकेन।हामी भूकम्प जोखिम क्षेत्रमा छौ भन्ने सम्झेर निर्माण गर्नुपर्दछ । हामीले विर्से पनि भुकम्पले विर्सांउदैन भन्ने सबैमा चेतना आउनु आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सत्कार मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | व्यापारमा लाभ |
| मिथुन | मन चञ्चल | धनु | झमेला बढ्ने |
| कर्कट | आर्थिक समस्या | मकर | कार्यमा सफलता |
| सिंह | मानसिक तनाव | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | शारीरिक झमेला | मीन | सम्मान मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ६८ शौचालय र ३५ खानेपानी धारा पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
**लमजुङ, १२ वैशाख**

गोरखा भूकम्प गएको करिब आठ वर्षको अवधिमा यहाँ ६८ विद्यालयमा शौचालय भवन पुनः निर्माण भएका छन् ।

विसं २०७२ वैशाख १२ गते गएको भूकम्पले क्षति बनाएका ६९ शौचालयमध्ये अब एक शौचायलय मात्र निर्माण सम्पन्न हुन बाँकी रहेको शिक्षा विकास तथा समन्वय एकाइ एवं साविक राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वय एकाइ (शिक्षा) का इञ्जिनीयर दीपकराज कँडेलले बताउनुभयो । त्यस्तै उहाँका अनुसार ३६ खानेपानीका धारा पुनःनिर्माण गर्नुपर्नेमध्ये ३५ खानेपानी धारा निर्माण सम्पन्न भएको छन् । एक खानेपानी निर्माणाधीन रहेको र यही वैशाखभित्रमा सम्पन्न हुने इञ्जिनीयर कँडेलको भनाइ छ । जिल्लामा विद्यालय भवन, शौचालय तथा खानेपानी धारा निर्माण आर्थिक वर्ष २०७३/७४ देखि सुरु गरिएको थियो । उक्त आर्थिक वर्षदेखि जिल्लामा पुनःनिर्माण गर्नुपर्ने विद्यालय भवन पाँच वर्ष अवधि रहेको थियो । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वय एकाइले उक्त समयदेखि विद्यालय, शौचालय तथा खानेपानी धारा निर्माणको जिम्मा लिँदै आए पनि गत असोज १ गतेदेखियता शिक्षा विकास तथा समन्वय एकाइले हेर्दै आएको छ ।

# तनहुँमा दुई सय एक क्षयरोगका बिरामी

**पोखरापत्र संवाददाता**
**दमौली, १२ वैशाख**

तनहुँमा क्षयरोगका २०१ बिरामी पहिचान भएका छन् । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म जिल्लामा क्षयरोगका २०१ बिरामी पहिचान भएका हुन् ।

स्वास्थ्य कार्यालयका अनुसार त्यसमध्ये नसर्ने खालका १३० रहेका छन् । जिल्लामा क्षयरोगको ८२.१ प्रतिशत उपचार सफल भएको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । छ महिना नियमित औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

क्षयरोग पहिचानका लागि कार्यालयले कारागार, ईंटाभट्टामा बेला-बेलामा खकार परीक्षण गर्ने गरेको छ । क्षयरोगीको उपचारका लागि जिल्लामा ५० उपचार केन्द्र, नौ प्रयोगशाला छन् । अशिक्षा, अज्ञानता र भौगोलिक कारणले क्षयरोगी उपचारको पहुँचमा आउन नसकेको उहाँले बताउनुभयो । "क्षयरोगी पहिचान गरी उपचारको पहुँचमा ल्याउनुपर्ने विद्यमान चुनौती छ", कार्यालय प्रमुख अधिकारीले भन्नुभयो, "समाजले हेलाको भावनाले हेर्ने गलत मानसिकताका कारण पनि क्षयरोगी रोग लुकाएर बस्न बाध्य छन् ।" सन् २०५० सम्म नेपाल क्षयरोगविहीन बनाउने लक्ष्य छ । यसका लागि क्षयरोगका बिरामी पहिचान गरी उपचार गर्नुपर्ने बाध्यता रहेको छ । "उपचारमा नरहेको एक क्षयरोगीले औषतमा दश देखि १५ स्वस्थ्य व्यक्तिलाई रोग सार्न सक्छ", उहाँले भन्नुभयो, "सो तथ्याङ्कलाई घटाउन पनि नयाँ क्षयरोगीको पहिचान आवश्यक छ ।"

क्षयरोगी पहिचानका लागि कार्यालयले शङ्का लागेका व्यक्तिको घरमा पुगेर नै खकार सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्ने व्यवस्था मिलाएको छ । "दुई हप्तासम्म खोकी लागेका शङ्कास्पद व्यक्ति पत्ता लागे घरमै पुगेर खकार सङ्कलन गरी परीक्षणको व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो । क्षयरोगी पहिचानका लागि कन्ट्याक्ट ट्रेसिङको व्यवस्था पनि छ । कार्यालय प्रमुख अधिकारीका अनुसार छ महिनामा दुई पटक कन्ट्याक्ट ट्रेसिङ गरिन्छ । दुई महिनामा पहिलो पटक र छ महिनाभित्र अर्को पटक गरी कन्ट्याक्ट ट्रेसिङको व्यवस्था मिलाइएको छ । क्षयरोगी भएको घरका पाँच वर्षमुनिका बच्चालाई क्षयरोग छैन भन्ने प्रमाणित भएको खण्डमा तीन महिनासम्म औषधि खुवाइने गरिएको छ । "घरपरिवारका सदस्यबाट नसरोस् भन्नका लागि उनीहरूलाई पनि औषधि खुवाउने व्यवस्था मिलाइएको हो", उहाँले भन्नुभयो । लुकेर बसेका क्षयरोगीलाई पहिचान गर्न नसकिए जोखिम बढ्ने उहाँले बताउनुभयो । अधिकारीका अनुसार लुकेर बसेका क्षयरोगी पत्ता लगाउन जन्तर भन्ने संस्थाले गाउँ-गाउँ पुगेर सहयोग गरिरहेको छ । "नियमित औषधि सेवन गरे क्षयरोग निको हुन्छ, यसको प्रचारप्रसार गर्दै क्षयरोगीलाई उपचारको पहुँचमा ल्याउनुपर्छ", उहाँले भन्नुभयो ।

नेपालमा ८० हजार क्षयरोगी छन् । वार्षिक पाँच हजारदेखि छ हजार ५०० सम्म क्षयरोगका कारणबाट मृत्यु हुने गरेको छ । ४४ हजार नयाँ बिरामी थपिने गरेकामा ३४ हजार बिरामी उपचारका लागि स्वास्थ्य संस्थासम्म पुग्ने गरेका छन् । १५ देखि ४५ वर्ष उमेर समूहका व्यक्ति क्षयरोगबाट सङ्क्रमित हुने गरेको तथ्याङ्क छ ।

# बागलुङमा वडातहसम्मै गठबन्धन

**पोखरापत्र संवाददाता**
**गलकोट, १२ वैशाख**

बागलुङमा पाँच दलीय गठबन्धन मिलेर जाने सहमति भएको छ । लामो समयको छलफल र कसरतपछि गठबन्धनको भागबन्डा टुङ्ग्याइएको छ । स्थानीयतहदेखि जिल्ला समन्वय समितिसम्म दलहरुले भागबन्डा मिलाएका छन् । लगातार चार दिनसम्म भएको छलफलबाट जिल्ला समन्वय प्रमुख राष्ट्रिय जनमोर्चा र उपप्रमुख नेकपा (एकीकृत समाजवादी)लाई दिने सहमति समेत भएको छ । बागलुङका चार नगरपालिकामध्ये बागलुङ नगरपालिका र गलकोट नगरपालिकामा प्रमुख नेपाली कांग्रेस, जैमिनी नगरपालिकामा प्रमुख राजमो र ढोरपाटन नगरपालिकाको प्रमुख माओवादी केन्द्रलाई दिने सहमति भएको छ ।

यस्तै छ गाउँपालिकामध्ये काठेखोला, बडिगाड, निसी र तमानखोलाको अध्यक्ष नेपाली कांग्रेस, ताराखोलाको अध्यक्ष माओवादी केन्द्र र बरेङको अध्यक्ष राजमोले पाउने सहमति भएको छ । गठबन्धनले उपप्रमुख तथा उपाध्यक्ष बागलुङ नगरपालिका, गलकोट नगरपालिका, निसिखोला गाउँपालिकामा माओवादी केन्द्र, जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाकामा राष्ट्रियजनमोर्चा, जैमिनी नगरपालिका, ताराखोला गाउँपालिका र बरेङगाउँपालिकामा नेपाली कांग्रेस र तमानखोला नेकपा (एकीकृत समाजवादी)ले पाउने भएका छन् ।

# छापियो ८० प्रतिशत मतपत्र

**रासस**
**काठमाडौं, १२ वैशाख**

निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन-२०७९ का लागि हालसम्म ८० प्रतिशत मतपत्र छपाइ कार्य सम्पन्न गरेको छ ।

हालसम्म ६३ जिल्लाका लागि एक करोड ५४ लाख ८३ हजार मतपत्रको छपाइ कार्य सकिएको आयोगले जनाएको छ । बाँकी जिल्लाको मतपत्र छापनेक्रम जारी रहेको छ । निर्वाचनका लागि एक करोड ९४ लाख मतपत्र आवश्यक पर्ने अनुमान गरिएको छ । काठमाडौंसहित छ वटा महानगरपालिकाका लागि आवश्यक पर्ने मतपत्र मनोनयन दर्ता कार्य सकिएपछि छपाई गरिनेछ । ती तहका मतपत्रमा पनि पुरानै डिजाइनअनुसार हुनेछ । उम्मेदवारले निर्वाचन प्रचार गर्ने अवधिभन्दा १५ दिनअघि मतपत्र पुगिसक्नुपर्ने व्यवस्था, मुद्रण क्षमता र मुलुकको दूरदराजका पालिकामा सुरक्षितरुपमा ढुवानी गर्नुपर्ने भएकाले मनोनयन दर्ता सकिएपछि मतपत्र छपाइ गर्न सम्भव नहुने भएकाले आयोगले मनोनयन दर्ता अघि नै मतपत्र छपाइ कार्य गरेको हो । विभिन्न राजनीतिक दलका तर्फबाट आफूहरू गठबन्धनमा उम्मेदवारी दिने भएकाले उम्मेदवारी दिइएपछि उम्मेदवारीको सङ्ख्या र निर्वाचन चिह्नका आधारमा मतपत्र छाप्न गरिएको आग्रहमा आयोगले असमर्थता जनाएको छ । निर्वाचन आयोगले जिल्लामा निर्वाचन सामग्री पठाउनेक्रम भने पूरा गरेको छ । आज दिउँसोसम्म पाल्पा र पर्वत गरी ७६ जिल्लामा सामग्री पठाइएको छ भने बाँकी रहेको अर्घाखाँची जिल्लाको सामग्री आजै पठाइने छ । सामग्री पठाइएपछि वैशाख १३ गतेदेखि मतपत्र ढुवानी सुरु गर्ने तयारी गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । निर्वाचन पर्यवेक्षणका लागि कूल ६८ वटा संस्थाले आयोगबाट अनुमति लिइसकेका छन् । ती संस्थाबाट करिब २० हजारभन्दा बढी पर्यवेक्षक खटिने गरी आयोगमा प्रस्ताव प्राप्त भएको छ ।

## विमा लेख हरायो

**गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएका निम्न लिखित बीमा लेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौं ।**

नाम : चेतकुमारी गुरुङ
बीमालेख नः ०६१०००६६४४

**गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
क्षेत्रीय कार्यालय पोखरा
सम्पर्क नं. ०६१-५२४४५०,९८०६५३४४६८

# 'नवौं राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड २०२२' का लागि आवेदन आह्वान

**रासस**
**काठमाडौं, १२ वैशाख**

नेपाल एस्ट्रोनोमिकल सोसाइटीले सन् २०२२ का लागि सञ्चालन गर्ने नवौं राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाडको आवेदन खुला गरेको छ ।

विद्यालय तहका विद्यार्थीको प्रतिभा पहिचान तथा प्रवर्द्धनका लागि सन् २०१४ देखि सञ्चालित कार्यक्रममा यस वर्ष कक्षा ८ देखि १२ सम्मका विद्यार्थीले आवेदन दिनसक्ने सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिनुभयो ।

विद्यार्थीको तहगत सिकाइलाई ध्यान दिँदै राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड कनिष्ठ र वरिष्ठ गरी दुई विधामा आयोजना गरिनेछ । जसअन्तर्गत कक्षा ८-१० सम्मका विद्यार्थीले कनिष्ठमा आवेदन दिन सक्नेछन् । कक्षा ११-१२ का विद्यार्थीले वरिष्ठमा आवेदन दिनसक्ने पनि उहाँले बताउनुभयो । ओलम्पियाडको पहिलो चरण/छनोट परीक्षा प्रादेशिक चरणका रुपमा यही मे ७, २०२२ (वैशाख २४, २०७९) शनिबार अपराह्न १२ बजेदेखि २ बजेसम्म इटहरी, जनकपुर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत तथा धनगढीमा आयोजना गरिनेछ । इच्छुक विद्यार्थीले आवेदन फाराम आफूलाई पायक पर्ने सम्बन्धित प्रदेशका सोसाइटीले तोकेका संयोजकलाई बुझाउन सक्नेछन् । प्रदेश चरणमा गरिएको प्रदर्शनका आधारमा दोस्रो चरण अर्थात् राष्ट्रिय चरणमा सम्बन्धित प्रदेशका विद्यार्थीलाई सामेल गराइनेछ । यसरी दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई तेस्रो तथा अन्तिम चरणमा सहभागी गराइनेछ । तेस्रो चरणको मूल्याङ्कनमार्फत् सहभागी विद्यार्थीलाई यो वर्ष सञ्चालन हुने अन्तर्राष्ट्रिय एस्ट्रोनोमी तथा एस्ट्रोफिसिक्स ओलम्पियाडका लागि सिफारिस गरिनेछ ।

# ज्येष्ठ नागरिकका गुनासा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १२ वैशाख**

बागलुङ नगरपालिका-३ का ७४ वर्षीय विश्वनाथ रेग्मीलाई धौलागिरी अञ्चल अस्पताल जाँदा लाइनमा बस्नुपऱ्यो । ज्येष्ठ नागरिकलाई अस्पतालमा लाइन बस्नु नपर्ने र पालो कुर्नु नपर्ने भनिए पनि अस्पतालका कर्मचारीले अपमान गरेर आफूलाई लाइन बस्न बाध्य पारेको उहाँको गुनासो थियो ।

सवारी साधनमा यात्रा गर्दा ५० प्रतिशत छुटको व्यवस्था भए पनि कसैले कार्यान्वयन नगरेको उल्लेख गर्दै जेष्ठ नागरिक रेग्मीले राज्यले कानुनी व्यवस्था गरे पनि ज्येष्ठ नागरिकका हक तथा अधिकारका लागि सम्बन्धित निकाय संवेदनशील नभएका कारण यस्ता सुविधा उपभोगगर्नपाइएकोबताउनुभयो । राष्ट्रिय मानवअधिकार आयोगले बागलुङमा आयोजना गरेको एक अन्तर्क्रिया कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरुले आफूहरु सबैको अपहेलाको पात्र बन्नु परेको गुनासो गरे । उनीहरुले बीमा गरेर उपचार नपाएकोदेखि सार्वजनिक स्थानमा हुने विभेद् र दिवस मनाउन आउने बजेटसमेत नपाउने गरेको सुनाउनुभयो ।

ज्येष्ठ नागरिक सङ्घका सचिव हरिलाल सुवेदीले ज्येष्ठ नागरिकलाई सम्मान हुने कार्यक्रमसमेत नभएको बताउनुभयो । उहाँले पालिका तहले जेष्ठ नागरिकका लागि बिनियोजित बजेटबारे जानकारी नदिँदा कतिपय कार्यक्रम गर्न नसकिएको गुनासो गर्नुभयो ।

"दिवस मनाउने, ज्येष्ठ नागरिकको सम्मान गर्नेजस्ता काममा कति बजेट छ, कति खर्च भयो भनेर सोध्दा पनि कर्मचारीले थर्काउछन्" सचिव सुवेदीले भन्नुभयो, "हामी समाजका लागि बोझ भयौँ ।" वार्षिक रु तीन हजार ५०० तिरेर स्वास्थ्य बीमा गराउँदा पनि उपचार नपाइएको भन्दै उक्त नगरपालिकाको वडा नं ३ निवासी विश्वनाथ रेग्मीले सरकारका काम राम्रा भएपनि कारिन्दा खराब भएको बताउनुभयो ।

बीमाबाट पाउने सेवा मात्र नभइ ज्येष्ठ नागरिक परिचयपत्रको आधारमा पाउनुपर्ने सेवाबाट पनि आफूहरु वञ्चित हुनुपरेको उहाँको गुनासो थियो । "मैले अहिलेसम्म न गाडी भाडामा छुट पाएँ न बीमा गरेर उपचार सुविधा पाएँ " रेग्मीले भन्नुभयो, "अधिकारको बारेमा कोरा नारा लगाउनुभन्दा नलगाउनु नै बेस ।" नागरिक समाजका अगुवा काजी गाउँले श्रेष्ठले कानुनी अधिकारका विषयले जनतामा झगडा हुने गरेको बताउनुभयो । ग्रामीण क्षेत्रमा बस्नेले त सुविधाबारे जानकारीसमेत नपाएको उहाँको भनाइ थियो । ज्येष्ठ नागरिकका अधिकारका सम्बन्धमा स्थानीय सरकारका नीति, योजना र कार्यक्रम तथा बजेटबारे आयोजित छलफलमा सहभागीले गुनासै गुनासा तेर्साएका थिए ।

आयोगको ज्येष्ठ नागरिक विभागकी प्रमुख कल्पना नेपाल, मानवअधिकार सङ्गठनकी कोषाध्यक्ष शर्मिला थापा, प्रमुख जिल्ला अधिकारी रमेश ढकाल, प्रहरी उपरीक्षक दयानिधि ज्ञवाली, बागलुङ नगर स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनाल, महिला बालबालिका शाखाकी प्रमुख सरस्वतीदेवी रेग्मी, गैरसरकारी संस्था महासङ्घ जिल्ला शाखाका अध्यक्ष मुक्तिराम सापकोटालगायतले स्थानीय पालिकाले ज्येष्ठ नागरिकको सम्मान, उपचारमा सहयोग, निःशुल्क एम्बुलेन्सजस्ता कार्यमा सहयोग उपलब्ध गराइएको जानकारी दिनुभयो । उहाँहरुले अधिकार पाउने क्रममा केहीबाट अवरोध भएमा कारबाही भोग्नुपर्ने भन्दै राज्यका सेवा प्रवाहमा कर्मचारी वा अन्य कसैले पनि रोक लगाउन नमिल्ने सुझाए ।

# भोट माग्न मात्रै गाउँ आउने नेतासँग खुसी छैनन् मतदाता

–ध्रुबसागर शर्मा
म्याग्दी, १२ बैशाख

स्थानीय निर्वाचनको मिति नजिकिँदै गर्दा म्याग्दीका विभिन्न राजनीतिक दलले आ-आफ्ना चुनावी अभियानलाई ग्रामीण क्षेत्रहरुमा केन्द्रित गर्न थालेका छन् । हिजो आइतबार मनोनयन दर्ता गरेका दलका उम्मेदवारहरु आजदेखि भोट माग्दै जनताका घरदैलोमा पुग्न थालेका छन् । कतिपय राजनीतिक दलले बाजागाजा र कार्यकर्ताहरुसहित आज निर्वाचन अधिकृतको कार्यालयमा पुगेर मनोनयन दर्ता गरिरहेका छन् ।

मध्य वैशाखको समय ग्रामीण भेगका मतदाताहरुलाई खेतीपाती स्याहार्ने र नयाँ बाली लगाउने कामकै चटारो छ । गाउँमै आयोजित चुनावी सभाहरुमा मतदाताहरु अपेक्षा गरे अनुसार नआए पछि विभिन्न पार्टीका उम्मेदवारहरु मतदातासँग भेटघाट गर्न र भोट माग्ने खेतबारीमै पुग्न थालेका छन् । आइतबार तीनवटा स्थानीय तहमा नेपाली काङ्ग्रेसले बाहेक अन्य दलले मनोनयन दर्ता गर्न सकेनन् । वैशाख ३० मा हुन लागेको स्थानीय तह निर्वाचनका लागि आइतबार र सोमबार उम्मेदवारको मनोनयन दर्ता गर्ने तालिका अनुसार पहिलो दिन हिजो काङ्ग्रेसले मालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकामा पूरै प्यानल सहित उम्मेदवारी दर्ता गरेको हो । आइतबार रघुगङ्गा, मालिका र अन्नपूर्ण गाउँपालिकामा उम्मेदवारबाट मनोनयन दर्ता भए बाहेक अन्य पालिकामा मुख्य पदमा उम्मेदवारी खासै पर्न सकेन । काङ्ग्रेसले मालिका, रघुगङ्गा, अन्नपूर्णमा अध्यक्ष, उपाध्यक्षसहित अन्य पदमा उम्मेदवारी दर्ता गराएको छ । उम्मेदवारी दर्ता गराएका दलका उम्मेदवारहरु गाउँगाउँ पुग्न थालेका छन् । यहाँका किसानलाई धानको बिऊ राख्ने, मकै गोड्ने, गहुँ थन्काउने लगायत कामको चटारो छ । नेताहरूलाई वैशाख ३० गते हुने स्थानीय निर्वाचन कसरी आफ्नो पोल्टामा पार्ने भन्ने चिन्ता छ । तर, किसानलाई भने चुनावले छोएको देखिएको छैन । खेती सम्हाल्न मै व्यस्त रहेका यी किसान आफूहरुको पीडा बुझिदिने नेताले जितोस् भन्ने चाहना राख्छन् । जौ, गहुँ थन्काउने, धानको बिऊ राख्ने, आलु लगाउने, मल हाल्ने, तरकारी खेती लगाउने जस्ता काममा यतिबेला कृषकहरू व्यस्त छन् । मालिका गाउँपालिका-५ देवीस्थानका टेकबहादुर बूढालाई वैशाख ३० को निर्वाचनमा कसलाई मत दिनेभन्दा पनि खेतीपाती लगाउने र स्याहार्ने कामकै चिन्ता छ । उहाँ भन्नुहुन्छ - “जसले जिते पनि गाउँको विकास गर्ने होइनन् । कुर्सी हात पार्न होडबाजी गरेर अनेक नारा बोकेर चुनावका बेला गाउँ आउँछन् । हामी त किसानी मान्छे आफ्नो काम गर्‍यो, बस्यो ।”

“पार्टीका उम्मेदवार घरदैलोमा आई भोट माग्छन्, एउटाले जित्छ तर, वर्ष दिनसम्म खाने खेती गर्न छाडेर निर्वाचनमै अल्मलिए हामीसँग साँझ बिहान हातमुख जोर्ने उपाय हुन्न,” बेनी नगरपालिका-२ का टेकबहादुर कार्कीले भन्नुभयो ।

मंगला गाउँपालिका-४ की राधिका सापकोटा पनि आफ्नो गाउँमा राजनीतिक दलले निर्वाचनलाई लक्ष्य गरी आयोजना गरेका बैठकहरुलाई छाडेर मेलापात मै व्यस्त हुनुहुन्छ । पुरानै उम्मेदवार, पुरानै योजना, पुरानै नेता भएका कारण यस पटकको निर्वाचनमा कुनै नौलोपना नपाइएको उहाँको भनाइ छ । बेनी नगरपालिका-५ पुरण्य गाउँमा पिउने पानी र विद्युत् विस्तार गर्ने मुद्दा २०७४ कै निर्वाचनमा उठाइए पनि समस्या जस्ताको तस्तै छ । “पहिलेका चुनाव अघि गरेका प्रतिवद्धता जनप्रतिनिधिले सबै बिर्सिए,” स्थानीय तुलबहादुर परियारले भन्नुभयो - “बेनी नगरपालिकाभित्र पनि सहज रूपमा पानी पाइँदैन । गाउँमा बिजुली बाल्न पाइएको छैन । छोरानातिलाई पढाउन सहज छैन । यस्ता समस्या भोग्दै बस्नुपरेको छ भने अब पनि हामीले किन भोट दिने ? सबै नेता त्यस्तै हुन् ।” राजनीति गर्ने नेताले प्रत्येक निर्वाचनमा जनतालाई ढाट्ने मात्रै काम गरिआएकाले राजनीतिभन्दा खेतीकै चिन्ता बढी लिनु श्रेयस्कर भएको यहाँका मतदाताहरुको भनाइ रहेको छ । दैनिक ज्याला मजदुरीमा गुजारा चलाउने यहाँका मतदातालाई पनि निर्वाचनप्रति खासै उत्साह छैन । तर, म्याग्दीको बेनी नगरपालिका-२ का डोलेन्द्र शर्मालाई कामको चटारो भए पनि छिटो काम सकेर दलहरुका चुनावी कार्यक्रममा जाने, कुरा सुन्ने र असल नेता छान्ने धोको छ । विगतका निर्वाचनहरुमा वैदेशिक रोजगारीमा रहेका कारण मतदान गर्न नपाउनुभएका शर्माले यस पटक भने जुनसुकै राजनीतिक दलको भए पनि असल उम्मेदवारलाई मत खसालेर चुन्ने अवसर नगुमाउने अठोट व्यक्त गर्नुभयो । “उम्मेदवारलाई भोट माग्न मतदाताको घरदैलो पुग्न हतारो छ,” उहाँले भन्नुभयो - “हामीलाई भने नयाँ बाली लगाउने र लगाएको बाली थन्क्याउने चटारो छ ।” निर्वाचन नजिकिए पनि जिल्लाका कतिपय युवा वैदेशिक रोजगारीमा जान गाउँ छोडेर राजधानीतिर हिँडिरहेका छन् । शिरमा कालो छाते टोपी र हातमा हरियो रङ्गको झोला बोकेका ४१ वर्षीय तीर्थबहादुर विक आइतवार बिहान बेनीको कालीपुल वसपार्कमा भेटिनुभयो । युएई हिँड्नुभएका उहाँको निधारमा बिदाइको रातो अच्छेता देखिए पनि निर्वाचनकै मुखमा देश छाड्नु परेकाले होला अनुहार मलिन छ । जिल्लाको धवलागिरि गाउँपालिका-४ का विकले आसन्न निर्वाचनमा मतदान गर्ने चाहना हुँदाहुदै पनि रोजगारीको बाध्यताले विदेशिन बाध्य भएको दुःखेसो पोख्नुभयो । विगत पाँच वर्षदेखि युएईमा रोजगारी गरेर परिवारको खर्च धान्दै आउनुभएका विक डेढ महिनाका लागि बिदामा घर आउनुभएको हो । विकजस्तै दैनिक सयौँ मताधिकार भएका नेपाली निर्वाचनको पर्वाह नगरी कालीपुल बसपार्कबाट बस चढी विदेश उड्न काठमाडौँ पसिरहेका छन् । “डेढ महिनाको बिदा लिएर घर आएको थिएँ,” विकले भन्नुभयो - “भोट हाल्नका लागि पर्खेर बसे उता जागिर नै रहन्न ।” यसअघिका निर्वाचनसम्म आफूले मताधिकार प्रयोग गरेको जानकारी दिनुहुने उहाँले आसन्न निर्वाचनमा भने आफ्ना परिवारले मतदान गर्ने बताउनुभयो ।

गाउँको विकास र रोजगारी सिर्जना गर्ने नेतालाई मात्रै मतदान गर्नू भनेर परिवारलाई सल्लाह दिएर आएको विक बताउनुहुन्छ । “यतिका चुनावमा मतदान गरिसकें, केही उन्नति भएजसो लागेन,” उहाँले भन्नुभयो । मुलुकमा नयाँ शासन व्यवस्था आए पनि बेरोजगार युवाको विषयमा सरकार गम्भीर नभएको उहाँको ठम्याइ छ । “चुनाव जित्ने नेताका व्यवस्था फेरिए होलान्, हाम्रो त अवस्था जस्ताको तस्तै छ”, निराश भावमा विकले भन्नुभयो ।

# इन्द्रेणी पार्क र सङ्ग्रहालय निर्माण अन्तिम चरणमा

रासस
म्याग्दी, १२ बैशाख

पश्चिम म्याग्दीको मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौरमा निर्माणाधीन मङ्गला इन्द्रेणी पार्क र सङ्ग्रहालय अन्तिम चरणमा पुगेको छ ।

आर्थिक वर्ष २०७५/०७६ देखि सुरु गरिएको पार्क र सङ्ग्रहालयको करिब ९० प्रतिशत काम सम्पन्न भइसकेको मङ्गला गाउँपालिकाले जनाएको छ । आन्तरिक पर्यटन प्रवर्द्धन तथा स्थानीयवासीलाई शारीरिक व्यायाम, विश्रामसहित आनन्दको अनुभूति दिलाउने उद्देश्यअनुरुप पार्क र सङ्ग्रहालय निर्माण थालिएको गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो ।

इन्द्रेणी पार्कमा हालसम्म सङ्ग्रहालय भवन, प्रतिक्षालय, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, शौचालय, बाथरुमलगायतका भौतिक संरचना निर्माण सम्पन्न भएका छन् । पार्कको विभिन्न भागमा रेलिङ र सिँढी बनाइएको छ भने शारीरिक व्यायामका लागि ‘रनिङ स्पट’ पनि तयार भइसकेको छ । पार्कलाई हरियाली र आकर्षक बनाउनका लागि खण्डखण्डमा विभिन्न प्रजातिका सुन्दर फूल तथा बाह्रैमास हरियो रहने दुबो पनि सारिएको छ ।

फूल तथा दुबोलाई हरियाली बनाइ राख्न नियमित रुपमा पानीको ब्यवस्था गरिएको छ । त्यसका लागि बाबियाचौरका स्थानीयवासीले प्रयोग गर्ने मिटरको पानी जडान गरिएको छ । मिटरबाट नआएको समयमा म्याग्दी नदीबाटसमेत पानी तान्न सकिने ब्यवस्था मिलाइएको छ । पार्क निर्माणका लागि हालसम्म रु एक करोड ८ लाख ६७ हजार खर्च भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोहर ढुङ्गानाले जानकारी दिनुभयो । उहाँका अनुसार पार्क निमार्णमा गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा रु २५ लाख, २०७६/०७७ मा रु २५ लाख र २०७७/७८ मा रु २१ लाख १२ हजार विनियोजन गरेको छ ।

उपभोक्ता समितिबाट योजना सञ्चालन गरिएकाले प्रत्यक वर्ष विनियोजित बजेटको १० प्रतिशतले स्थानीले श्रमदानसमेत गरेका छन् । त्यस्तै पार्कभित्रै दुईतले दुई हल भएको मङ्गला सङ्ग्रहालय भवन निर्माण गरिएको छ । दुई आर्थिक वर्षमा पालिकाबाट विनियोजन भएको रु ३६ लाख ८० हजार र स्थानीयको श्रमदान गरी कूल ४० लाखको लागतमा उक्त भवन निर्माण सम्पन्न भएको ढुङ्गानाले बताउनुभयो । सङ्ग्रहालय भवनमा पालिकाभित्रका ऐतिहासिक तथा पुरातात्विक वस्तु, विभिन्न जातजाति, समूह तथा वर्गका सीप, कला, संस्कृति तथा मौलिकता झल्किने महत्वपूर्ण सामग्री सङ्कलन गरेर राखिनेछ । त्यसका लागि भवनभित्र आवश्यक संरचना तयार पार्ने काम भइरहेको छ ।

मङ्गला गाउँपालिका-२ बाबियाचौर निवासी इन्द्रबहादुर अधिकारी र सम्मरबहादुर अधिकारीको परिवारले पार्कका लागि जग्गा उपलब्ध गराएको हो । म्याग्दी नदीको किनारमा रहेको चार रोपनी जग्गा इन्द्रबहादुरले गाउँपालिकालाई निःशुल्क रुपमा प्रदान गर्नुभएको हो भने पाँच आना जग्गा सम्मरबहादुरले पालिकाबाट रु तीन लाख मात्रै लिएर सहयोगस्वरुप प्रदान गर्नुभएको थियो ।

दुई हजार १९१ दशमलव ९५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएको पार्कमा निःशुल्क रुपमा जग्गा दान गर्ने इन्द्रबहादुरको अर्धकदको सालिक बनाउने तयारीसमेत भइरहेको गाउँपालिका अध्यक्ष रोकाले बताउनुभयो । उहाँका अनुसार पार्कमा बालबालिका लागि आवश्यक सामग्री लिएर आकर्षक बालउद्यान समेत बनाउने योजना रहेको छ । हरियाली बनाउने काम पनि अझै बाँकी रहेकाले ती सबै पूरा भएपछि मात्रै पार्क सञ्चालनमा ल्याइने जनाइएको छ । विशेषगरी पालिकाको केन्द्र बाबियाचौर बजारको आकर्षणका रुपमा मङ्गला पार्क रहनेछ । सङ्ग्रहालय मङ्गलाको संस्कृति र पहिचान झल्किने परम्परागत सामग्री अवलोकन गर्न पाउनु पार्कको अर्को विशेषता रहनेछ ।

# एमालेले १० वटै पालिकामा टुङ्ग्यायो उम्मेदवार

पोखरापत्र संवाददाता
गलकोट, १२ बैशाख

नेकपा (एमाले)ले बागलुङका १० पालिकामै उम्मेदवारको टुङ्गो लगाएको छ । पाँच पालिकामा यसअघि नै उम्मेदवार टुङ्ग्याएको एमालेले थप पाँच पालिकामा उम्मेदवारको टुङ्गो लगाएको हो ।

एमाले गण्डकी प्रदेशको निर्णयानुसार बागलुङ नगरपालिकाको नगरप्रमुखमा जनकराज पौडेललाई दोहोर्‍याउने निर्णय गरिएको छ । बागलुङ नगरको उप प्रमुखमा पवित्रा रोकाले टिकट पाउनुभएको छ । जनकराज पौडेल यसअघि बागलुङको नगर प्रमुखसमेत हुनुहुन्थ्यो ।

यस्तै एमालेले काठेखोला गाउँपालिकाकोअध्यक्षमाडिलबहादुर कार्की र उपाध्यक्षमा कोपिला पुन, बडिगाड गाउँपालिकाको अध्यक्षमा राजन पाइजा र उपाध्यक्षमा मीना रायमाझी, बरेङ उपपालिकाको अध्यक्षमा प्रदीप थापा र उपाध्यक्षमा दुर्गा कार्कीलाईलाई टिकट दिएको छ ।

यस्तै ढोरपाटननगरपालिकामा देवकुमार नेपालीलाई एसअघिनै टिकट दिइसकेको थियो भने करमती पुनलाई एमालेले पुन ढोरपाटनको उपप्रमुख बनाउन टिकट दिएको छ । यसअघिनै बागलुङको तमानखोला गाउँपालिका अध्यक्षमा देवेन्द्र छन्त्याल र उपाध्यक्षमा टेकमति विक, ढोरपाटन नगरपालिका प्रमुखमा देवबहादुर नेपाली, ताराखोला गाउँपालिका अध्यक्षमा ऋषिराम रोका र उपाध्यक्षमा थममाया घर्ती, गलकोट नगरपालिका प्रमुखमा पूर्ण काउछा र उपप्रमुखमा रुपा विक तथा जैमिनी नगरपालिका प्रमुखमा लीला राना र उपाध्यक्षमा यमुना शर्माले टिकट पाउनुभएको थियो ।

# निर्वाचनमा पत्रकार आचारसंहिताको पालना गर्न आग्रह

रासस
काठमाडौं, १२ बैशाख

आसन्न स्थानीय तहको निर्वाचनमा पत्रकार आचारसंहिताको पालना गरी तटस्थ भूमिका निर्वाह गर्न आग्रह गरिएको छ । नेपाल पत्रकार महासङ्घले महासङ्घको सदस्यता प्राप्त गरेका कोही पनि निर्वाचनमा उम्मेदवार बन्न चाहेमा सदस्यता त्याग्न सबैलाई आह्वान गरेको छ । निर्वाचन आचारसंहिता, २०७८ को प्रतिकूल हुने काम नगर्नसमेत महासङ्घले आग्रह गरेको छ ।

“महासङ्घले सधैँ साझा र तटस्थ भूमिका निर्वाह गरिरहेको सन्दर्भमा यसको गरिमा, साख र साझा चरित्र बचाउन हरेक सदस्यको भूमिका महत्वपूर्ण रहिआएको छ”, महासङ्घद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ । निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक म्यासेन्जर, ट्विटर, युट्युव र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा सेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने विज्ञप्तिमा उल्लेख छ ।

सो व्यवस्थाको पालना गर्दै सत्यतथ्य, निष्पक्ष र तटस्थ सूचना सम्प्रेषण गर्ने पत्रकारको मूल दायित्वको हेक्का राख्न पनि महासङ्घले आग्रह गरेको छ । निर्वाचनका समयमा महासङ्घका सदस्यको भूमिकाको अनुगमन गरी यथार्थ विवरण सङ्कलन गर्न महासङ्घको आचारसंहिता तथा अनुगमन विभागले अनुगमन गरिहेको छ । महासङ्घका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्य उम्मेदवार बनेमा महासङ्घको विधानको मर्म र व्यवस्थाअनुसार सोही समयदेखि कायम रहेको पदबाट स्वतः मुक्त हुने निर्णय समेत गरिएको छ ।


**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Invitation for Bids

**First date of Publication: 26th April, 2022**

1. Phedikhola Rural Municipality has allocated funds towards the cost of Improvement of Khadketari Bange Panchase Dobilla Rural Road Chainage 2+670 to 4+000 at Ward No. 3 of Phedikhola Rural Municipality and intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-W-NCB-36-IMP-078-79. The estimated cost of the work is NRs. 4,741,440.00 (Including overhead, VAT & PS). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja invites electronic bids only from eligible bidders for the Improvement of Khadketari Bange Panchase Dobilla Rural Road Chainage 2+670 to 4+000 at Ward No. 3 of Phedikhola Rural Municipality under National Competitive Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Work experience of similar size and nature: Successfully or substantially completion of at least one (1) road contract of Improvement/Upgrading of Road having 1 km length with gravelling/improvement/upgrading with a value of at least NRs. 3,500,000.00 (Excluding VAT) within the last Ten (10) years.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders are requested to submit their bid electronically using PPMO website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit NRs. 3000.00 in the office's Aantarik Rajaswa Khata (revenue) account as specified below as cost of bidding document and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
Office Account Number: 06500308CA; Aantarik Rajaswa Khata (revenue heading) Number: Ga 1-1
5. Electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 27-May-2022. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:00 hrs. on 27-May-2022 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs.119,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. The bidder who chooses to deposit bid security in a cash, the cash should be deposited in the Dharauti account of Phedikhola rural municipality at Prime bank Phedikhola on Account No. 06500036CA. The scanned copy of cash deposit voucher should be submitted during bid submission.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.